उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०८३/०८४

चलानी नं: ५४२

## उच्च सतर्कता अपनाउने सम्वन्धी अत्यन्त जरुरी सूचना

मितिः २०८३/०६/०९

हाल देशभरी नियमित रूपमा वर्षा भइरहेको र आगामी दिनहरूमा समेत वर्षा हुनसक्ने सम्भावना रहेको छ ।उमाकुण्ड गाउँपालिका र आसपासका क्षेत्रमा समेत केही दिन देखि नियमित वर्षा भईरहेको सर्वविदितै छ । वर्षाका कारण बाढी, पहिरो, डुवान, भू-क्षय, सडक अवरोध तथा अन्य प्राकृतिक विपद्जन्य घटना हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै गाउँपालिकावासी सम्पूर्ण नागरिकहरूमा उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छ।

**साथै नियमित वर्षाबाट हुन सक्ने विपदजन्य घटनाबाट बच्न यस अवधिमा देहायबमोजिमका सावधानी अपनाउनुहुन अनुरोध छ ।**

१. नदी, खोला, खोल्सा तथा बाढी आउन सक्ने स्थानमा अनावश्यक रूपमा नजाने।

२. पहिरो तथा भू-क्षयको जोखिम रहेका क्षेत्रमा विशेष सावधानी अपनाउने।

३. वर्षाका कारण सडक तथा बाटो अवरुद्ध हुनसक्ने भएकाले अत्यावश्यक बाहेकको यात्रा नगर्ने।

४. घर, टहरा तथा अन्य संरचना जोखिमयुक्त अवस्थामा भएमा सुरक्षित स्थानमा स्थानान्तरण भई बस्ने ।

५. विपद्को अवस्था सिर्जना भएमा वडा कार्यालय, गाउँपालिका वा सम्बन्धित सुरक्षा निकायमा तत्काल जानकारी गराउने ।

६. मौसम तथा विपद्सम्बन्धी आधिकारिक सूचना तथा चेतावनीलाई नियमित रूपमा अवलोकन गरी सोहीअनुसार आवश्यक सावधानी अपनाउने।

**सम्भावित विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न आफू पनि सुरक्षित रहौं र अरूलाई पनि सुरक्षित रहन सहयोग गरौं।**

एकराज कुलुङ
प्रमुख प्रशासकीय अधिकृत